# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२ ) काठमाडौं, फागुन २८ गते २०३९ साल ( अतिरिक्ताङ्क ५० ( घ )

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा भाग लिइबक्सी स्वदेश फिरिबक्सँदा २०३९ साल फागुन २८ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

नयाँ दिल्लीमा आयोजित असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा भाग लिई स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

सधैं झैं यस शिखर सम्मेलनमा पनि हामीले असंलग्न नीतिप्रतिको नेपालको अटल आस्थालाई दोहऱ्याउँदै समस्त विश्वकै लागि महत्त्वपूर्ण विभिन्न विषयहरूबारे हामीले आफ्नो दृष्टिकोण प्रस्तुत गऱ्यौं । आफ्नो अस्तित्व, स्वतन्त्रता, शान्ति र आर्थिक विकासको चाहना विश्वव्यापी छ र हामीले पनि हाम्रा आकांक्षालाई स्पष्ट पार्दै अरू प्रतिनिधिमण्डलका नेताहरूसँग व्यक्तिगत रूपमा सम्पर्क बढाउने अवसर प्राप्त गऱ्यौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रा छिमेकी मित्रराष्ट्र भारतले यत्रो सम्मेलनको भव्य रूपमा आयोजना गर्नुका साथै हामीप्रति समेत दर्शाइएको आतिथ्यका लागि असंलग्न आन्दोलनका अध्यक्ष श्रीमती इन्दिरा गान्धीका साथै भारतीय जनता र सरकार समक्ष हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सह्माल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानून बमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको वृहत् हितलाई हृदयङ्गम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

६५२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।